नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गोरखा

☎ फोन : ०६४-४२०१३३
फ्याक्स : ०६४-४२०१८९

पत्र संख्या : ०७४/०७५
चलानी नं. :

मिति : २०७५/०२/२१

श्री पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोरखा

विषय : बजार अनुगमन सम्वन्धमा ।

गुणस्तरीय वस्तु तथा सेवा उपभोग गर्न पाउनु नागरिकको मौलिक हक भएको कुरा विदितै छ । नागरिकको यो हकलाई कार्यान्वयन गर्न विगतमा नेपाल सरकारबाट कालो बजार तथा केहि सामाजिक अपराध ऐन २०३२, उपभोक्ता संरक्षण ऐन २०५४ एवं नियमावली २०५६, पशु बधशाला तथा मासु जाँच ऐन २०५५, प्रतिस्पर्धा प्रर्बधन तथा बजार संरक्षण ऐन २०६८, संयुक्त बजार अनुगमन निर्देशिका २०६९, लगायतका कानुन तर्जुमा भई लागु भएका छन । सोहि कानुन अन्तरगत रहेर जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, साना तथा घरेलु उद्योग विकास समिति, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु विकास कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय लगायतका कार्यालयहरुको सहयोग लिई बेला बेलामा बजार अनुगमन गर्ने गरेको थियो । यसरी अनुगमन गर्दा कानुन अनुसार लिन पाउने बढी मूल्य लिएको, मूल्य सूचि नटाँसेको, स्याद सकिएका सामान बिक्रि वितरण गरेको, डेरी जन्य पसल, मासु पसल तथा होटल र मिठाइ पसलहरुमा सरसफाइको कमि रहेको, पेट्रोलियन पदार्थमा मिसावट हुने गरेको, नाप तौलमा ठगी गर्ने गरेको जस्ता कमि कमजोरीहरु प्रशस्त मात्रामा भेटिने गरेका र सो उपर कानुन बमोजिम कारबाही गर्ने गरिएको थियो । अहिले पनि बजार जन्य यस्ता कमि कमजोरी र विकृतिहरु पूर्ण रुपमा नियन्त्रण भइसकेका छैनन ।

पछिल्लो समयमा एकतिर जिल्ला स्तरमा क्रियाशिल रहेका अधिकाशं विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएका छन भने हाल सम्म जिल्ला स्तरमा अस्तित्वमा रहेका कार्यालयहरुका पनि कर्मचारी र स्रोत साधन स्थानीय तहमा गइसकेका कारण साविकमा सम्पादन गर्ने गरेका सबै काम गर्न सक्ने अवस्था छैन । अर्को तर्फ स्थानीय सरकार संचालन ऐन २०७४ ले सो ऐनको दफा १२ को उपदफा घ ३ मा *आद्यान्न, माछा मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने* भन्ने उल्लेख भएबाट बजार अनुगमनको जिम्मेबारी र अधिकार स्थानीय सरकारमा रहेको कुरा स्पष्ट हुन्छ । सो जिम्मेबारी पूरा गर्न सघाउनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमूना कानुनको रुपमा गाउँपालिका तथा नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७४ तयार पारेको छ । कतिपय स्थानीय तहहरुले बजार अनुगमन निर्देशिका बनाई सो अनुरुप बजार अनुगमन गरी रहेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

यस जिल्लामा बजारमा रहेका विकृति नियन्त्रण एवं बजार नियमनको अवस्था नियन्त्रण बाहिर नभएको भए पनि बजारमा मूल्य सूचि नटाँसिएको, स्याद नाघेका खाद्य पदार्थ पनि बजारमा पाइने गरेको, उत्पादकको नाम, ठेगाना र उपभोग्य मिति उल्लेख नगरेको, माछा, मासु, दुध, तरकारी फलफूल र होटल तथा मिठाई पसलहरुमा सरसफाइको कमि रहेको, नियमानुसार लिन पाउने भन्दा बढी मूल्य लिएको, बजारमा कृत्रिम अभाव सृजना गरिएको, सामानमा मिसावट गर्ने गरेको, नापतौलमा ठगि गर्ने गरेको, अवास्तविक विज्ञापन गरी ग्राहकलाई भ्रममा पार्ने गरेको, कम गुणस्तरका निर्माण सामग्री प्रयोग गर्ने गरेको जस्ता गुनासा बेलामौकामा आउने गरेका छन । भर्खरै संजिवनी र छिम्केश्वरी ब्रान्डका खानेपानी परीक्षण गर्दा पिउन अयोग्य भएको पाइएको छ ।

यस परिवेशमा स्थानीय तहबाट आफ्नो तहका रहेका उद्योग, कृषि, पशु विकास लगायतका शाखाहरुलाई परिचालन गरेर तथा सम्वन्धित स्थानीय तहमा रहेका प्रहरी इकाइहरुको सहयोग लिई बजार अनुगमनको काम हुन जरुरी देखिन्छ । सो सम्वन्धमा आवश्यक परेका बखत माग भई आएमा जिल्लामा रहेका विषयगत कार्यालयको सहयोग लिई जिल्ला प्रशासन कार्यालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने व्यहोरा समेत अनुरोध छ ।

२०७५/२/२१

नारायण प्रसाद भट्टराई
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी